**UNITED NATIONS**
**OFFICE OF THE HIGH COMMISSIONER**
**FOR HUMAN RIGHTS IN NEPAL**

**प्रेस विज्ञप्ति – २०६७ वैशाख १८**

---

संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयद्वारा शान्तिपूर्ण
विरोध कार्यक्रमको अवलोकन

२०६७ वैशाख १८, काठमाडौं

काठमाडौं र देशका अन्य भागमा आज एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा आयोजित र्‍यालीहरू अनुशासित र शान्त रहेको संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल (उच्चायुक्तको कार्यालय – नेपाल) ले अवलोकन गर्‍यो । त्यसै गरी सुरक्षा फौजको आचरणमा पनि संयमता अपनाइएको अवलोकन गरियो ।

> “शान्तिपूर्ण रूपमा भेला हुन पाउने तथा वाक्स्वतन्त्रताको अधिकारको आज राम्रो उदाहरण देखियो । थप सार्वजनिक विरोध कार्यक्रमहरू आवश्यक ठहरिएमा तिनीहरूलाई पनि यस्तै मर्म र भावनाका साथ सञ्चालन गर्नुपर्छ । यद्यपि, र अझ महत्त्वपूर्ण रूपमा, दलहरूले शान्ति प्रक्रियालाई पुनः आफ्नै मार्गमा ल्याउनका लागि संयुक्त कदम चालेर मूठभेड र मानवअधिकारको उल्लङ्घनको खतराबाट पछि हट्नुपर्छ,” उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटले भन्नुभयो।

**For further information contact Chun B. Gurung, tel: 4280164,**
**Ext 320; 98510 16937 (mobile), cgurung@ohchr.org**
**Website: http://nepal.ohchr.org**